# सोनापुर मिनरल्स् एण्ड आयल लिमिटेड
# SONAPUR MINERALS AND OIL LIMITED

रजिष्टर्ड कार्यालय : का.म.न.पा. वडा नं. ०९, बत्तीसपुतली काठमाडौं नेपाल
फोन नं.: +९७७-१४५७८०२८
उद्योगको ठेगाना:- तुल्सीपुर-१८, दाङ्ग, नेपाल | फोन नं.: +९७७-८२४२३००४
Email: admin@sonacement.com Website: www.sonacement.com


## Unaudited Statement of Financial Position
### As on Ashwin 31, 2082

*Amount in NPR*

| Particulars | As at Ashwin 31, 2082 (Provisional) | As at Ashwin 30, 2081 (Provisional) |
|---|---|---|
| **Assets** | | |
| **Non - Current Assets** | | |
| Property, Plant and Equipment | 10,027,660,809 | 8,648,752,071 |
| Other Non Current Assets | 2,954,759 | 2,744,920 |
| | **10,030,615,568** | **8,651,496,991** |
| **Current Assets** | | |
| Inventories | 2,756,735,953 | 2,159,148,153 |
| Prepayments | 25,461,863 | 10,372,946 |
| Other Current Assets | 26,630,076 | 56,638,271 |
| **Financial Assets** | | |
| Loans and Advances | 200,626,729 | 591,391,424 |
| Trade Receivables | 925,047,019 | 770,132,981 |
| Other Financial Asset | 48,169,433 | 34,163,024 |
| Cash and Cash Equivalents | 104,073,081 | 25,979,829 |
| Investments | 8,442,392 | 8,442,392 |
| | **4,095,186,546** | **3,656,269,020** |
| **Total Assets** | **14,125,802,114** | **12,307,766,012** |
| **Liabilities** | | |
| **Non Current Liabilities** | | |
| Deferred tax liability | 288,035,092 | 162,380,742 |
| **Financial Liabilities** | | |
| Non Current Borrowings | 5,692,097,123 | 5,163,413,797 |
| Provisions - Non Current | 11,180,773 | 11,257,854 |
| | 5,991,312,988 | 5,337,052,392 |
| **Current Liabilities** | | |
| Provisions - Current | 15,874,980 | 23,075,031 |
| **Financial Liabilities** | | |
| Current Borrowings | 833,657,108 | 753,124,872 |
| Trade Payables | | 295,034,633 |
| Other Financial Liabilities | 1,325,675,634 | 899,752,039 |
| Other Current Liabilities | 57,945,131 | 65,952,506 |
| | 2,233,152,853 | 2,036,939,080 |
| **Total liabilities** | **8,224,465,841** | **7,373,991,472** |
| **Equity** | | |
| Share Capital | | |
| Ordinary Share Capital | 3,075,050,000 | 3,075,050,000 |
| Securities Premium | 1,653,302,600 | 1,653,302,600 |
| Reserve and Surplus | 1,172,983,673 | 205,421,939 |
| **Total Equity** | **5,901,336,273** | **4,933,774,539** |
| **Total Liabilities and Equity** | **14,125,802,114** | **12,307,766,012** |

## Unaudited Statement of Profit or Loss
### For the Period from Shrawan 1, 2082 till Ashwin 31, 2082

*Amount in NPR*

| Particulars | For the Period Ended Ashwin 31, 2082 (Provisional) | For the Period Ended Ashwin 30, 2081 (Provisional) |
|---|---|---|
| Revenue from Operations | 669,921,545 | 343,026,839 |
| Cost of Sales | (436,395,702) | (316,754,887) |
| **Gross Profit** | **233,525,843** | **26,271,952** |
| Other Income | 1,150,258 | 147,939 |
| Selling and Distribution Expenses | (4,945,454) | (4,370,778) |
| Administrative Expenses | (40,184,138) | (29,841,413) |
| Depreciation and Amortization | (54,675,312) | (20,504,492) |
| **Operating Profit** | **134,871,197** | **(28,296,791)** |
| Finance costs | (122,502,170) | (77,456,169) |
| **Profit Before Tax** | **12,369,027** | **(105,752,960)** |
| **Income tax expense** | | |
| Provision for income tax | | (85,420) |
| Previous years tax | | - |
| Deferred tax income/(expense) | 31,319,312 | 20,305,706 |
| **Profit for the year** | **43,688,339** | **(85,532,674)** |
| Earnings Per Share (EPS) | | |
| Basic EPS (Rs) | 1.42 | (2.78) |
| Diluted EPS (Rs) | 1.42 | (2.78) |

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूचि १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित आ.व. २०८२।०८३ को पहिलो त्रैमासिक प्रतिवेदन)

**१. वित्तीय विवरण:**

यस संस्थाको पहिलो त्रैमासिक सम्मको वित्तीय विवरण यसै साथ प्रकाशित गरिएको छ । यस अवधिको सम्वद्ध संस्थाहरू संग भएको कारोवारको बिवरण देहया बमोजिम रहेको छ ।

| क.सं. | सम्बद्ध संस्थाहरूको नाम | कारोबार रकम मु.अ.करबाहेक | |
|---|---|---|---|
| | | खरिद | बिक्री |
| १. | बाला माईन्स प्रा.लि. | ०।०० | 0.00 |
| २. | भवानी रिफाइनरी एण्ड माइन्स प्रा.लि. | ०।०० | 0.00 |
| ३. | बिजौरी माईन्स प्रा.लि. | ०।०० | 0.00 |
| ४. | कालिका माईन्स प्रा.लि. | ०।०० | 0.00 |
| ५. | पि.टि. माईन्स प्रा.लि. | ०।०० | 0.00 |
| ६. | रिचे माईन्स प्रा.लि. | ०।०० | 0.00 |
| ७. | सोना माईन्स प्रा.लि. | ०।०० | 0.00 |
| ८. | सोनालिका माईन्स प्रा.लि. | ०।०० | 0.00 |
| ९. | सुर्य माईनिङ्ग प्रा.लि. | ०।०० | 0.00 |
| १०. | ए.एन. माईनिङ्ग प्रा.लि. | ३,६३,५५,५०६।६८ | २,६२५।०० |
| ११. | आर.पी माईनिङ्ग प्रा. लि. | ०।०० | ०।०० |

**(ख) प्रमुख बित्तिय अनुपातहरू:**

| प्रतिशेयर आम्दानी (वार्षीक रू.) | प्रतिशेयर नेटवर्थ रू. | प्रतिशेयर कुल सम्पतिको मुल्य रू. | तरलता अनुपात |
|---|---|---|---|
| १.४२ | १९१.९१ | ४५९.३७ | १.८२ |

**२. ब्यबस्थापकीय बिश्लेषण:**

- गत भाद्र २३ र २४ गते भएको Gen-Z आन्दोलन लगायतका पछिल्ला राजनीतिक घटनाहरूको कारणले उत्पन्न चुनौतिपुर्ण व्यवसायिक वातावरण तथा सरकारको विकास खर्च अपेक्षाअनुरूप नभएको कारण व्यापार व्यवसायमा गम्भिर प्रभाव परेको छ ।
- लामो समयदेखि विवादित रूपमा रहेको डेडिकेटेड तथा टकं लाईन सम्बन्धि विवाद पुनरावलोकन समितिबाट एकतर्फि खारेज गरि नेपाल विद्युत प्राधिकरणबाट २०८२ आश्विन १२ गते विद्युत वक्यौता रकम असुल उपर गर्ने सम्बन्धि पत्राचारले थप वित्तिय भार आइपरेको छ ।

**ख) आगामी अबधिको ब्याबसायीक योजना सम्बन्धमा ब्यवस्थापनको बिश्लेषणात्मक बिवरण:**

यस उद्योगले आफ्नो उत्पादनको गुणस्तरलाई कायम राखी यसको बिद्यमान बजारका साथै सम्भाबित बजारलाई समेत लक्षित गरी ब्यवसाय विस्तार तथा बजारमा नेतृत्वदायी भुमिका निर्वाह गर्न आवश्यक उत्पादन क्षमताको प्रयोग गर्ने तथा क्षमतावान जनशक्तीको परिचालन गर्न आबश्यक पर्ने योजना तर्जूमा तथा त्यसको कार्यान्विन गर्दै संस्थालाई अझै सुदृढ बनाउदै लैजाने कूरामा दृढ रहेको छ । आगामी दिनहरूमा निर्माण कार्यमा वृद्धि आउने विगतको प्रवित्ति रहेकोले विक्रि वितरणमा सकारात्मक परिवर्तनको अपेक्षा राखिएको छ । साथै कम्पनी को निर्यात व्यापारको लागि आवश्यक समन्वय जारी छ ।

**ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात,नाफा वा नगद प्रवाहमा तात्विक प्रभाव पार्न सक्ने घटना,अवस्था आदी भएमा सो सम्बन्धि बिश्लेषणात्मक बिवरण:**

बिगत समय देखि इन्धनको मुल्यमा भएको अत्याधिक बृद्धिको निरन्तरता, कोइलाको मूल्यमा बृद्धि, चर्को बैक ब्याजदर, भौतिक बिकाश निर्माणमा बजेट खर्च कम हुनु, बिद्यमान आर्थिक मन्दिको कारण घरेलु खपत न्युन हुनू, बिद्युतको अनियमित आपुर्तीको कारणले गर्दा बैकल्पिक उर्जा श्रोत महंगो हुनु आदि कारणले उत्पादन लागत बढ्न गएको तर त्यसको तुलनामा उत्पादित बस्तुको अस्वस्थ बजार प्रतिस्पर्धाको कारणले उचित बजार मुल्य पाउन नसकीरहेको परिप्रेक्षमा यसको सामना गर्ने संस्थाले बिद्यमान ग्राहकको संरक्षण गर्दै सम्भाबित ग्राहक तथा ग्राहक क्षेत्रको पहिचान गरी त्यस क्षेत्रमा आफ्नो बजार बिस्तार गर्ने नीति लिईएको छ । साथै संस्थालाई अल्पकाल तथा दिर्घकालमा प्रभाव पार्न सक्ने राष्ट्रिय तथा अन्तराष्ट्रिय घटना तथा परिवेशको उच्च ब्यबस्थापन द्वारा शूक्ष्म अध्ययन तथा बिश्लेषण गरी सोही बमोजिमको आबश्यक निति तर्जुमा गरी सोको कार्यान्वयन द्वारा संस्थालाई प्रतिकुल प्रभावबाट संरक्षण गर्ने निति लिईएकोछ ।

**३. कानुनी कारबाही सम्बन्धि बिवरण (यस संस्थाले वा संस्थाको बिरूद्ध कुनै मुद्दा दायर गरेको भए सोको जानकारी):**

प्रस्तुत बार्षिक अबधिमा यस संस्थाले कुनै मुद्दा दायर नगरेको तथा संस्थाको बिरूद्ध कुनै मुद्दा दायर भएको जानकारी प्राप्त नभएको ।

**४. संस्थाको शेयर कारोवार तथा प्रगति बिश्लेषण:**

(क) यस उद्योगको दोश्रो बजारमा हुने कारोवार सर्बमान्य सिद्धान्त बमोजिम खुल्ला रूपमा हुदै आएको छ ।
(ख) पहिलो त्रैमासको अबधिमा यस उद्योगको शेयरको कायम न्युनतम, अधिकतम, अन्तिम मुल्य, कारोवार भएको दिन र शेयर संख्या यस प्रकार रहको छ ।

| अधिकतम मुल्य रू. | न्यूनतम मुल्य रू. | अन्तिम मुल्य रू. | कारोवार दिन | कारोवार शेयर संख्या |
|---|---|---|---|---|
| ५२३।३० | ४०३।०० | ४०५।०० | ५१ | ३५,३६८ |

**५. समस्या तथा चुनौती :**

हाल सम्म पनी ईन्धनको उच्च मुल्य कायम रहनु, उद्योगमा प्रयोग हुने कच्चा पदार्थको मुल्य उच्च हुनु, देशमा आर्थिक मन्दि कायम रहनु, सरकारले भौतिक पुर्वाधार निर्माणको लागी छुट्टाएको रकम खर्च गर्न उदासीन रहनु, गुणस्तरीय तथा भरपर्दो विद्युत आपुर्ति नहुनु जसले गर्दा महंगो बैकल्पिक उर्जा उपयोग गर्नु परेकोले उत्पादन लागत बढनु, निर्माण सामग्रीको समग्र मागमा कमी आउनु, उत्पादित बस्तुको बजार बिक्री मुल्यमा ह्रास भएको र कर्जामा बैक ब्याज दर उच्च रहनु, चुनढुंगा उत्खनन् सम्बन्धि अनुमती प्रकृयामा प्रशासनिक चुनौती आदि उद्योगको लागी मुख्य समस्याको रूपमा रहेका छन । यस्तो परिस्थितिमा पनी उद्योगले कच्चा पदार्थको लागत, ब्याज तथा अन्य खर्च कटौती गरी उत्पादनको साधनहरूको उच्चतम प्रयोग द्वारा उत्पादन लागतमा कमी ल्याई आफ्नो बजार कायम राख्न र बिस्तार गर्ने योजना कार्यान्वयन गर्न चुनौतीपुर्ण बन्दै गईरहेको छ ।

**६. संस्थागत सुशासन :**

उद्योगले संस्थागत सुशासन कायम गर्नको लागी हरेक कारोबार तथा प्रशासनिक व्यवहारमा सम्बन्धित संस्थाको नियम तथा कानुनको पालना गरिएको छ । संस्थाको आफ्नै संचालनको बिधि तथा प्रणाली भएकोले आन्तरीक नियन्त्रण कायम गरी हरेक कारोवारलाई दुरूस्त,पारदर्शी र छिटो, छरितो बनाई आवश्यक सरकारी निति नियम, निर्देशन र कानुनको पालना गरी संस्थाको संचालन गरिएको छ ।

**७. सत्य तथ्यताको सम्बन्धमा प्रबन्ध निर्देशकको उद्घोषण :**

यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरू सत्य भएको जानकारी दिन चाहन्छु । बिवरण तथा यसमा भएको जानकारीहरू पुर्ण र लेखागत हिसाबले शुद्ध रहेका छन, यसको सम्पुर्ण जिम्मेवारी म ब्यक्तिगत रूपमा लिनेछु । साथै यसमा भएका तथ्यहरूलाई कुनै किसिमले प्रभाबित भएर वा कुनै गलत नियत राखि प्रस्तुत गरिएको छैन । लगानीकर्ताहरू तथा अन्य ईच्छुक ब्यक्ति तथा संस्थाहरूलाई सही तथा पुर्ण जानकारी मिलोस् भनि सम्पुर्ण विवरणहरू उल्लेख गरेका छौ ।